# प्रश्न नं. ११

**त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरणः**

**(कक्षा रोल्नं.१२२० देखि १३४१ सम्मका विद्यार्थीहरुका लागी मात्र)**

देव नारायण र चन्द्र मण्डलको जाहेरीले नेपाल सरकार **बिरुद्ध** सप्तरी जिल्ला रुपनी गाउँपालिका वडा नं. ८ बस्ने जुक्ता सदा समेत

मुद्दाः- ज्यान सम्वन्धी कसूर

१. मिति २०७५।८।१ गतेका राति मेरो जेठानको छोरा जोगेन्द्र मण्डललाई को कसले कर्तव्य गरी मारेको हुँदा लास जाँच गरी अपराधि पत्ता लगाई कारवाही गरी पाउँ भन्ने समेत व्यहोराको देव नारायण मण्डलको जाहेरी दरखास्त ।

२. बाँया कानमा भित्रबाट रगत बगि बाहिर निस्केको, निधारमा रगत बगि सुकेको, बाँया खुट्टाको गोली गाँठामा सानु प्वाल परेको दुवै आँखा फाटेको, च्यापुमा २ इन्च गहिरो चोट बाँया आँखा मुनि कानसम्म ४ इन्च लम्बाईको चोट बाँया आँखा मुनि २ इन्च बराबरको चोट लिंगबाट तरल पदार्थ निस्किएको र सुकेको, तिघ्रामा जत्रतत्र घिसारिएको चोट देखिएको भन्ने समेत व्यहोराको लास जाँच प्रकृति मुचुल्का ।

३. मिति २०७५।८।१ गतेका रातमा म र मेरो भाई मृतक जोगेन्द्र मण्डल पकरी चोकमा रामलिला हेर्न गएका थियौं । रामलिला सकिए पछि अं. ३ बजे तिर घर फर्कन लाग्दा दामोदर सदा मुसहर, रामकिसुन सदा मुसहर, कारी यादव, जुक्ता सदा, रामदेव सदा समेतले तपाईको भाई जागेन्द्र मण्डल र हामी रक्सी खाएर आउँछौं तपाई जानु होस भनेकाले म घरमा आई सुते । ४ गते भाइको लास फेला परेको हुँदा उल्लेखित व्यक्तिहरुले नै कर्तव्य गरी मारेकोमा बिश्वास लाग्छ भन्ने समेत व्यहोराको चन्द्र नारायण मण्डलको जाहेरी दरखास्त ।

४. मिति २०७५।८।१ गतेका रातमा जोगेन्द्र मण्डललाई मारेको कुरा ४ गते सुनि थाहा पाए । मेरो तरकारी बारीमा पानी पटाउन खनेको इनारमा दामोदर सदालाई नुहाउँदै गरेको देखे । गाउँमा खुन भएको छ त नुहाउने भन्दा निज नबोली गाउँ तर्फ गए निजको कपडामा रगत समेत लागेको थियो भन्ने समेत बुझेको र निज गाउँ घरमा समेत नहुँदा निज समेतले जोगेन्द्र मण्डललाई कर्तव्य गरी मारेकोमा बिश्वास लाग्छ भन्ने समेत समलाल सदाको कागज ।

५. मिति २०७५।८।१ गतेका रातमा रामलिला हेर्न पक्रि चोकमा गएका थियौं । रातको २,३ बजेका समयमा घर फर्कदा बाटोमा मेरो पति जुक्ता सदा, दामोदर सदा, कारी यादव, कारी सदा, रामदेव सदा, रामकिसुन सदा जोगेन्द्र मण्डललाई लछार पछार गर्दै थिए म सरासर घर गए । भोलिपल्ट घरमा लोग्ने आए लुंगीमा रगत लागेको थियो । मलाई धुन भन्दा धुइन । लोग्नेले धुनु भै हामीले जोगेन्द्रलाई मारेको हुँदा भाग्छौं भन्नु भै घर छाडनु भयो भन्ने समेत लटरी देवीको कागज ।

६. मिति २०७५।८।१ गतेका रातमा रामलिला हेर्न गइन । मेरो श्रीमती सहित घरमै सुतेको थिए । मेरो लुंगीमा रगत लागेको होइन उक्त रातमा दामोदर सदा, कारी यादव, रामदेव सदा समेतसँग भेट भएन जोगेन्द्रलाई मार्ने सल्लाह मैले गरेको होइन भन्ने समेत जुक्ता सदाले प्रहरी समक्ष गरेको बयान ।

७. मिति २०७५।८।१ गतेका रातमा रामलिला हेर्न गएको थिए । राति २, ३ बजेका समयमा घर फर्किन लाग्दा रामकिसुन, दामोदर, जुक्ता, कारी यादव, सचिन्द्र, रामकरण, सकलदेव समेतले मृतक जोगेन्द्र मण्डल आउँदैन रक्सी खाएर जाउँ भनेका हुँदा म घर गए ४ गते जोगेन्द्र मण्डल मरेको थाहा पाएको हुँदा निजहरुले नै मारेका बिश्वास लाग्छ भन्ने समेत मनोहर मण्डल समेतको कागज ।

८. मिति २०७५।८।१ गतेका रातमा रामलिला हेरी घर फर्किदा रामकिसुन, दामोदर, जुक्ता, कारी यादव, सचिन्द्र, रामकरण, सकलदेव समेतले मृतक जोगेन्द्रलाई कुटपिट गरेको देखे । किन कुट्नु हुन्छ भन्दा आफु तर्फ नै आइ लाग्न खोजेकाले घर गै सुते । ४ गते जोगेन्द्र मण्डलको मृतक लास फेला परेको हुँदा निजहरुले नै कर्तव्य गरी मारेमा बिश्वास लाग्छ भन्ने समेत जय नारायण मोहिनारायण समेतको कागज ।

९. मिति २०७५।८।१ गतेका रातमा रामलिला भएका ठाउँमा मृतक जोगेन्द्र मण्डलसँग दामोदर, रामकिसुन, जुक्ता, कारी, सचिन्द्र, रामकरण, सकलदेव समेत एकजुट भई हिडदै थिए । निजहरु रक्सी खान गए म रामलिला सकिए पछि घर गए । ४ गते जोगेन्द्र मण्डलको लास फेला परेको हुँदा उल्लेखित व्यक्तिहरुले नै कर्तव्य गरी मारेमा बिश्वास लाग्छ भन्ने समेत व्यहोराको हरिलाल सदाको कागज ।

१०. मिति २०७५।८।१ गतेका रातमा रामकिसुन, दामोदर, जुक्ता, कारी, सचिन्द्र, रामकरण, सकलदेव समेत घरमा आई मेरो लोग्ने जोगेन्द्र मण्डललाई रामलिला हेर्न लगेका थिए । रामलिलाबाट रातमा लोग्ने घर आएनन । ४ गते लास फेला परेको हुँदा उल्लेखित व्यक्तिहरुले नै कर्तव्य गरी मारेकोमा बिश्वास लाग्छ भन्ने समेत व्यहोराको मृतककी श्रमिती लालु देवीको कागज ।

११. मिति २०७५।८।१ गतेका रातमा रामलिला हेर्न जाँदा मृतक जोगेन्द्र मण्डलको साथमा दामोदर, रामकिसुन, जुक्ता, कारी, सचिन्द्र, रामकरण, सकलदेव समेत थिए रामलिला सकिए पछि घर गए । ४ गते जोगेन्द्र मण्डल कर्तव्यबाट मरेको थाहा पाए । उल्लेखित व्यक्तिहरुले नै कर्तव्य गरी मारेमा बिश्वास लाग्छ भन्ने समेत व्यहोराको बच्चालाल यादवको कागज ।

१२. मिति २०७५।८।१ गतेका रातमा रामलिला हेर्न गएको थिए । मृतकको साथमा दामोदर, जुक्ता, कारी, समेत थिए रामलिला सकिए पछि घर गए । ४ गते जोगेन्द्र मण्डलको लास फेला परेको हुँदा उल्लेखित व्यक्तिहरुले नै कर्तव्य गरी मारेकोमा बिश्वास लाग्छ भन्ने समेत व्यहोराको लक्ष्मी मण्डलको कागज ।

१३. मृतक जोगिन्द्र मण्डलको शरीरमा लागेको चोट पटकको कारण सक (Shock) भएर मृत्यु भएको भन्ने सव परीक्षण प्रतिवेदन ।

१४. जोगेन्द्रको मृत्यु विरुद्ध खण्डमा उल्लेख भएका प्रतिवादीहरुले कुटपिट गरी कर्तव्यबाट मारेको हो भन्ने कुरा सिद्ध हुन आएकाले निज सवै प्रतिवादीहरुले मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(१) विपरितको कसूर अपराध गरेको हुँदा सोही संहिताको दफा १७७(२) अनुसार निजहरुलाई जन्म कैदको सजाय गरी पाउँ भन्ने समेत व्यहोराको अभियोग पत्र ।

१५. प्रतिवादीहरुले अदालतमा गरेको ईन्कारी बयान ।

१६. सप्तरी जिल्ला अदालतको फैसला ।

१७. उच्च अदालत राजविराजमा चढाएको पुनरावेदन पत्र ।